आज मिति २०७४ श्रावण २९ गते आइतवारका दिन नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो। बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री तमबहादुर दरै | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री कल्पना पोखेल | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री नरीमाया थापा | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

<u>अन्य उपस्थिति</u>

| | | |
|---|---|---|
| - बरिष्ठ आलेप अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | ,, |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | ,, |
| - इन्जिनियर | श्री निर्मल वाग्ले | ,, |
| - वित्त एवं का.स. | श्री हेमन्त गुरुङ | ,, |

<u>निर्णय नं.१</u>: शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय गोरखाबाट प्राप्त च.नं.५३ मिति २०७४।४।२९ गतेको कार्यक्रम सम्बन्धी पत्र बैठकमा जानकारी गराइयो । सो कार्यक्रम निम्नानुसार रहेको छ ।

क) बसपार्क १,००,००,०००। व्यास १ करङकाठ ।

ख) पार्क तथा उद्यान २५,००,०००। व्यास ५ पराशर क्षेत्र

ग) मानुङ मोटर मार्ग २,००,००,०००। व्यास ५ मानुङ ।

<u>निर्णय नं.२</u>: व्यास नगरपालिकाको स्वीकृत दरबन्दीको हलुका सवारी चालक (सहायकस्तर चौथो) पदमा कार्यरत तिर्थबहादुर तामाङलाई ह.स.चा. (सहायकस्तर चौथा) बाट परिवर्तन गरी हलुका सवारी चालक (श्रेणी विहिन चौथो तह) कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.३: हलुका सवारी चालक तिर्थबहादुर तामाङ बिहानदेखि बेलुकासम्म खटेर काम गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दा २०७४ साल श्रावण १ गतेदेखि लागु हुने गरी मासिक रु.५०००। (पांच हजार) भत्ता थप दिने निर्णय गरियो ।

निर्णय नं.४: व्यास नगरपालिकाको स्वीकृत दरबन्दीको समुदाय परिचालक विश्वनाथ पौडेलले समुदाय परिचालक ( सहायकस्तर पांचौ प्राविधिक) पदबाट समान तहको नायब सुब्बा (सहायकस्तर पांचौं प्रशासन) पदमा पद परिवर्तन गरिपाउं भनी निवेदन दिनु भएकोले सो निवेदन माग बमोजिम समुदाय परिचालक (सहायकस्तर पांचौ प्रा.) पदबाट नायब सुब्बा (सहायकस्तर पांचौ प्रशासन) पदमा पद परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय नं.५: व्यास नगरपालिकाका लागि अति आवश्यक पर्ने निम्न अनुसारका प्राविधिक पदहरु मासिक ज्यालादारिमा लिने निर्णय गरियो ।

क) सिभिल इन्जिनियर १ (एक)
ख) ओभरसियर ३ (तीन)
ग) सव ओभरसियर १ (एक)
घ) कम्प्युरटर अपरेटर (आइ.टि.) १ (एक)

निर्णय नं.६: निर्णय नं.५ मा उल्लेख गरिएका पदहरुमा मासिक ज्यालादारीमा पदपूर्ति गर्नका लागि देहाय बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक: श्री हरिप्रसाद बास्तोला, कार्यकारी अधिकृत, व्या.न.पा.
विज्ञ सदस्य: श्री हरिदत्त पौडेल, डि.ई. सिंचाई डिभिजन कार्यालय तनहुं ।
सदस्य सचिव: श्री रविन्द्रलाल मुल, इन्जिनियर, व्यास न.पा.

निर्णय नं.७: व्यास न.पा.५ स्थित पराशर मार्गको पटके सवारी करको टेण्डर देउराली विल्डर्स् दमौली तनहुंको स्वीकृत गरिएकोमा तनहुं हाइड्रोपावर कम्पनी राष्ट्रिय स्तरको आयोजना भएकोले पटके सवारी कर लगाउंदा उक्त आयोजना प्रभावित हुन सक्ने भनी सो आयोजनाबाट अनुरोध भई आएकोले उक्त पटके सवारी करको टेण्डर रद्द गर्ने निर्णय गरियो ।

निर्णय नं.८: व्यास मार्ग घांसीकुवा पोखलफांट मार्गको पटके सवारी कर देउराली विल्डर्स् दमौली तनहुंको स्वीकृत गरिएकोमा ठेकेदारलाई बारम्बार ताकेता गरी सम्झौता गर्न आउनु भनी पत्राचार गर्दापनि सम्झौता गर्न नआएकोले त्यस फर्मको टेण्डर रद्द गरी दोश्रो स्थानमा रहेको व्यास मार्गको घले कन्स्ट्रक्सन व्यास २ तनहुं र घांसीकुवा पोखेलफांट मार्गको ठेक्का वाइल्ड स्टोन कन्स्ट्रक्सनसंग सम्झौता गरी ठेक्का लगाइएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.९: व्यास २ निवासी विनोद पन्थले श्रीमती कविता पन्थसंग सम्बन्ध विच्छेद गरिपाउं भनी दिएको मुद्दामा यस नगरपालिकाबाट मेलमिलाप गराउन बारम्बार प्रयास गर्दा मेलमिलाप गराउन नसकिएकाले उक्त मुद्दा श्री तनहुं जिल्ला अदालतमा पठाउने निर्णय गरियो ।

निर्णय नं.१०: व्यास नगरपालिका नगरकार्यापालिकाको कार्यालय साझेदारी विकास समितिको तर्फबाट आ.व.०७४।७५ को बजेट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.११: व्यास नगरपालिका वडा नं.१२ स्थित छाब्दी मन्दिर पार्किङ शुल्कको ठेक्का बोलपत्र मुल्यांकन समितिद्वारा सिफारिस भई आएको श्री वगाले निर्माण सेवा व्यास २ तनहुंलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: व्यास नगरपालिकाको एकिकृत पर्यटकीय गुरुयोजना तयार गर्ने कार्यका लागि परामर्शदाता छनौट गर्न आव्हान गरिएको सिलबन्दी आसय पत्रमा पर्न आएका मध्ये बोलपत्र मूल्यांकन समितिद्वारा सिफारिस भई आएको श्री मल्टिटेक इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि. बुद्धनगर काठमाण्डौको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१३: यस व्यास नगरपालिका नगर कार्यपालिका कार्यकारीणी समितिका सदस्यहरुलाई मासिक संचार खर्च वापत रु.२०००। (दुई हजार) २०७४ साल श्रावण महिनादेखि लागु हुने गरी दिने निर्णय गरियो ।